नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

मोरङ

प.सं. २०८१/८२
च.नं. 2925

मिति २०८१/११/११

विषयः करार शिक्षक पदपूर्ती सम्बन्धमा ।

श्री देवी मा.वि. ग्रामथान गा.पा. वडा नं. ५, मोरङ ।

प्रस्तुत विषयमा देवी मा.वि. ग्रामथान गा.पा. वडा नं. ५, मोरङको च.नं. ५४ मिति २०८१/११/११ र ग्रामथान गाउँपालिकाको च.नं. १६२४ मिति २०८१/११/११ को शिक्षक पदपूर्तिको लागि भएको सिफारिस पत्रको आधारमा त्यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमको शिक्षक पदपूर्ति शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) नियम २४ (३) अनुसार करार सूचीमा नाम प्रकाशित व्यक्तिहरु मध्येबाट गर्ने गरी शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९७ (१) अनुसार करार सूचीका उम्मेदवारबाट शिक्षक व्यवस्थापन गर्नु पर्नेछ । करार सूचीमा नाम प्रकाशन भएको व्यक्ति प्राप्त नभएमा मात्र खुला प्रतिस्पर्धाबाट शिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाउनु हुन यस कार्यालयको मिति २०८१/११/११ गतेको निर्णयानुसार अनुमति दिइएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | तह/श्रेणी | पद | विषय | सङ्ख्या | दरबन्दी | पद रिक्त हुनुको कारण |
|---|---|---|---|---|---|---|
| १. | निम्न माध्यमिक तृतीय | शिक्षक | गणित विज्ञान | एक | स्वीकृत | शिक्षक सेवा आयोग उत्तीर्ण भएको |

१. १५ दिनको म्याद दिई विद्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना राष्ट्रिय पत्रिकामा प्रकाशन गरी सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइमा मोरङमा टाँस गर्ने र वेवसाइड वा वेवपेजमा समेत प्रकाशन गर्ने व्यवस्था मिलाइ सोको भरपाइ वा निस्सा राख्नुपर्नेछ ।
२. शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भई आएमा स्थानिय तहमा खटाइएकै मितिबाट करार शिक्षकलाई अवकाश हुने गरी स्थायी शिक्षक नियुक्ति गर्नुपर्नेछ ।
३. ४० बर्ष उमेर पूरा भएको व्यक्ति करार शिक्षक पदमा नियुक्त हुन योग्य हुने छैन ।
४. शिक्षक पदमा उम्मेदवार हुनको लागि ऐन तथा नियमावलीमा तोकिएबमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ ।
५. करार सूचीमा नाम प्रकाशित भएको व्यक्ति उपलब्ध नभई खुला प्रतिस्पर्धाको माध्यमबाट शिक्षक छनोट गर्नुपर्ने अवस्था भएमा मात्र तोकिएबमोजिम परीक्षा लिनुपर्नेछ ।
६. परीक्षाका लागि प्रश्नपत्र निर्माण गर्दा शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम बमोजिम गराउने व्यवस्था मिलाउनु हुन ।

बोधार्थः
श्री ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मोरङः शिक्षक छनोट प्रक्रियालाई व्यवस्थित र मर्यादित बनाउन शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९६ क को खण्ड ख प्रयोजनको लागि तहाँबाट नै शिक्षा (अधिकृत/ विद्यालय निरीक्षक प्रतिनिधि तोक्ने व्यवस्था गर्न हुन ।